प्रधान कार्यालय

सामान्य सेवा बिभाग

**घर भाडामा लिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/१८)

यस बैकको शाखा कार्यालय संचालनको लागि देहाय अनुसार स्थानहरुमा व्यापारिक क्षेत्रको मुख्य सडकमा अवस्थित घरको भुई तल्ला/पहिलो/दोश्रो तल्लाको करीब १६०० देखि २००० वर्गफिट सम्म कार्पेट एरिया भएको घर आवश्यकता भएकोले घर बहालमा दिन ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीले तोकिए बमोजिमको ढाँचामा सिलबन्दी प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ ।

तपशिल

| क्र.सं. | प्रस्तावित शाखा कार्यालय | ठेगाना | प्रस्तावित क्षेत्र | फारम बुझाउने स्थान र अन्तिम मिति |
|---|---|---|---|---|
| १. | सीतापाईला शाखा (३१५) | काठमाडौं महानगरपालिका वडा नः- १५, सीतापाईला, काठमाडौं । | काठमाडौं महानगरपालिका वडा नः- १५, सीतापाईला चोक बाट मुख्य बजार सडकको दायाँ बायाँ करिब ४०० मिटर क्षेत्र भित्रको घरहरु । | नै.बैं.लि.,प्रधान कार्यालय, सामान्य सेवा विभाग, काठमाडौं । मिति २०७८-०६-०१ गते कार्यालय समय भित्र । |
| २. | पुरानो बानेश्वर शाखा (३१६) | काठमाण्डौं महानगरपालिका वडा नः- ९,पुरानो बानेश्वर, काठमाडौं । | काठमाण्डौं महानगरपालिका वडा नः- ९,पुरानो बानेश्वर चोक बाट मुख्य बजार सडकको पुर्वमा भिमसेन गोला, पश्चिममा मैतिदेबि पुल, उत्तरमा द्धारिका होटेल क्षेत्र भित्रको घरहरु । | |
| ३ | ग्रीनल्याण्ड शाखा (३१७) | टोखा नगरपालिका वडा नं.६, ग्रीनल्याण्ड, काठमाडौं । | टोखा नगरपालिका वडा नं.६, ग्रीनल्याण्ड चोक बाट मुख्य बजार सडकको दायाँ बायाँ करिब ३०० मिटर क्षेत्र भित्रको घरहरु । | |
| ४ | रानीवन शाखा (३१९) | नगार्जुन नगरपालिका वडा नः- १, रानीवन । | नगार्जुन नगरपालिका वडा नः- १, खरिबोट चोक बाट मुख्य बजार सडकको दायाँ बायाँ करिब ३०० मिटर क्षेत्र भित्रको घरहरु । | |

**आवश्यक शर्त /सुविधाहरु :**

१ .प्रस्तावित घर RCC Frame Structure को हुनुपर्नेछ ।
२. पानी, बत्ती, बाटोको व्यवस्था भएको हुनुपर्नेछ ।
३. भवनको भुई तल्लामा ATM र जेनेरेटर राख्ने स्थान उपलब्ध भएको हुनुपर्नेछ ।
४. सम्बन्धित निकायबाट घरको नक्सा पास भएको तथा निर्माण सम्पन्न प्रमाणपत्र लिएको हुनुपर्नेछ ।
५. सडकको मापदण्ड भित्र नपर्ने भएको हुनुपर्नेछ ।
६. प्रस्तावित घरको सम्बन्धमा कुनै प्रकारको झै झगडा तथा मुद्दा मामिला नभएको हुनुपर्नेछ ।
७. घर भाडामा दिने न्यूनतम समायावधि १० वर्ष र त्यसपछि नविकरण गर्न सकिनेछ ।
८. फर्म तथा कम्पनीको नाममा रहेको घर भाडामा दिने भएमा फर्म दर्ता प्रमाण पत्र, PAN तथा संचालक समितिको निर्णय पेश गर्नुपर्नेछ ।
९. पार्किङ्ग सुविधा सहितको प्रस्तावित घरलाई विशेष ग्राहयता दिईनेछ ।

**दरखास्तकासाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. प्रस्तावित मासिक घर भाडा रकम (कर समेत) स्पष्ट रुपमा खुलाइएको घरधनीको प्रस्ताव ।
२. घर जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा ।
३. घर भएको क्षेत्र स्पष्ट देखिने लोकेशन म्याप नक्सा ।
४. घरको नाप सहितको नक्सा तथा नक्सा बमोजिमको घर हुनुपर्नेछ ।
५. भवन आचार संहिता सहितको Strucutral Drawing ।
६. घरको फोटो र घरको स्वीकृत नक्सा पासको प्रमाणपत्रको प्रतिलिपी ।
७. लालपूर्जा तथा घर धनीको नागरिकताको प्रतिलिपी ।
८. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण ।
९. प्रस्तावित भवनको बैंकलाई हस्तान्तरण गर्न सकिने मिति ।

**नोट :**

१. सिलबन्दी प्रस्ताव ढाँचा (निवेदन फाराम) यस बैंकको सामान्य सेवा विभाग वा बैंकको वेबसाईट www.nepalbank.com.np/notice बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
२. उपरोक्त सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस बैकको प्रधान कार्यालयको सामान्य सेवा विभागको टेलिफोन ०१४२२९६९२ (एक्सटेन्सन नं. ११४, ५४६) मा सम्पर्क गर्न सकिनेछ ।
३. प्राप्त भएको प्रस्तावहरुमा अंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । साथै स्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैक बाध्य हुने छैन ।

## घर भाडामा लिने निवेदन

मितिः-………………..

श्रीमान शाखा प्रवन्धक ज्यू  
नेपाल बैक लिमिटेड  
………………….शाखा ।

विषयः- निवेदन पेश गरेको वारे ।

महाशय,

उक्त शाखाका लागि नयाँ घर भाडामा लिन मिति………………..मा……………….दैनिक/साप्ताहीक पत्रिकामा/शाखाबाट सूचना प्रकाशित भए बमोजीम उक्त अफिसको लागि मेरो/हाम्रो नाममा रहेको तपसिल बमोजिमको घर बैकका लागि निम्न लिखित शर्तको अधिनमा रहने गरी घर भाडामा दिन मन्जुर गर्दछु । सो घरमा निम्नानुसारको सुविधा समेत रहेको व्यहोरा अनुरोध छ । सो व्यहोरा फरक पर्ने छैन परेमा निवेदक रद्ब गरी दिनु होला वा बैकले निर्णय गरे बमोजीम गर्न सहमत छु ।

**तपसिल**

१) भाडामा दिने घरको विवरणः- भुई तला, पहिलो तला, दोश्रो तला/ वा सम्पुर्ण घर ………………..
   भाडामा लिने घर/ फ्ल्याटको क्षेत्रफल बर्गफुटमाः-
   भुईतला…………….ब.फु.पहिलो तला……….ब.फु दोश्रो तला……….ब.फु. पुरै घर ………. जम्मा बर्गफुट………. (उल्लेखीत बर्गफुट कोठाको भित्ताको भित्री (Carpet Area) भागको रहेको छ ।

२) घरको ठेगानाः- कित्ता नं.        ज.वि.              मा बनेको            तले घर ।

३) भाडामा दिने घरको फोटो फ्लोर प्लान नक्सा तथा घर निर्माण सम्पन्न भएको नक्सा पास भएको अनुमति पत्र र घरको फोटो संलग्न राखेको छ ।

४) सडक/राजमार्ग मापदण्ड भित्र नपर्ने ।

५) सो घरमा बैकको आवश्यकता अनुसार भित्री संरचना फेर बदल गर्न सक्ने र भित्री भित्ताहरु फुटाउन परेमा घर धनीको खर्चले फुटाउने व्यबस्था गरी दिने र चाहिएको भित्री स्थानमा नया वाल (भित्ता) लगाई दिने ।

६) गाडी पार्किङ्गको व्यबस्था आफ्नै हक भोगको जग्गामा रहेको छ/छैन ।

७) स्ट्रोङ्ग रुमको निर्माण(केज बाहेक) आफ्नै खर्चमा बनाइदिने छु/छैन ।

८) जेनेरेटर राख्ने स्थान छुट्टै सोही भाडामा दिने छु/छैन ।

९) ATM भुई तलामा राख्न स्थान दिने र भाडा छुट्टै दिन पर्ने/नपर्ने ।

१०) Air Condition ,रंग रोगन घरधनी आफ्नै खर्चमा गर्ने/नगर्ने ।

१०) घरमा गार्ड क्वाटर र शाखा प्रवन्धकको क्वाटर समेत व्यबस्था रहेको छ/छैन ।

११) सुरक्षाको दृष्टिकोणले बैकमा आवश्यता अनुसार Channel gate आफ्नै खर्चमा राखी दिने छु/छैन ।

१२) भुइ तलामा राखीने काउण्टरको वाहिरी भागमा ग्राहकहरु उभीने ठाउमा टायल्सहरु आफ्नै खर्चमा लगाई दिने छु /छैन ।

१३) बैकका लागि चाहिने खाने पानीहरुको व्यबस्था मिलाउने छु/छैन ।

१४) बैकका लागि चाहिने बत्ति बिजुली 3phase Line को समेत व्यबस्था मिलाउने छु/छैन ।

१५) ग्राहक तथा बैक कर्मचारी र शाखा प्रवन्धकको क्वाटरको लागि शौचालयको राम्रो व्यबस्था मिलाउने छु/छैन ।

१६) सो घरको मासिक भाडा **कर समेत** रु…………………………( अक्षरेपि ……………………………………………….) मासिक प्रति वर्ग फुट रु………( अक्षरेपि…………………………………..) मा …….बर्षको लागि घर भाडामा दिन मंजुर छु/छैन ।

१७) घरको विमा आफ्नै खर्चमा गराउनु मंजुर छु/छैन ।

१८) उक्त घरमा कुनै कानुनी खिच्यौला रहेको छ/छैन ।

१९) अन्य आवश्यक शर्त सुविधाः-…………………….
   क)
   ख)

२०) घर हस्तान्तरण मिति :-…………………….

निवेदक

दस्तखत ………………..  
घरधनी/निवेदकको नाम ……………….  
ठेगाना………….  
मोबाईल नं……………